# 'जिडीपी' को अर्थराजनीति

**विशाल कुमार चालिसे**
**उप-प्राध्यापक**
**गोरखा क्याम्पस, गोरखा**
**bishal.chalise@gc.tu.edu.np**

**Artical History**

| Received | Revised | Accepted |
|---|---|---|
| 30th January, 2022 | 4th April, 2022 | 5th May, 2022 |

## सार

एक कृत्रिम जटिल र अमूर्त वस्तु सार्वजनिक नीति निर्माणको केन्द्रमा यत्रो समय सम्म कसरी रहन गयो, जसले मानिसको जनजीवनमा प्रभाव गर्ने निर्णयहरूलाई प्रभावित पारिरहेको छ । अर्थतन्त्रलाई नै प्रतिनिधित्व गर्ने एउटा तथाङ्कले कसरी देश र सरकारको कामकारबाहीलाई मापन गर्ने हैसियत बनायो ? आर्थिक सँगसँगै एउटा राजनीतिक मानक पनि कसरी भयो ? के यस्तो जटिल आर्थिक सामाजिक प्रणालीको चित्रण गर्न जिडीपी एक मात्र मापक हुन सक्छ ?

यस्तै प्रश्नहरूको उत्तर दिने प्रयास डाएन कोयलको 'जिडीपी अ ब्रिफ बट अफेक्सनेट हिस्ट्री स फिलिपे लिपेनिजको 'द पावर अफ अ सिङ्गल नम्बर' र लोरेञ्जफिओरा मोन्टीको 'ग्रस डोमेस्टीक प्रोब्लम' पुस्तकमा गरिएको छ । यो लेख यी तीन पुस्तकको सार समीक्षामा आधारित छ ।

## जिडिपीको इतिहास

संसारका धेरै नविनतम खोजहरू जस्तै जिडीपीको सुरुवात पनि युद्धकालमा भएको हो । आधुनिक कालको जिडीपीको प्रकारलाई दोस्रो विश्वयुद्धमा जोडिन्छ । दोस्रो विश्वयुद्ध अगाडि यो अज्ञात थियो, भलै राष्ट्रिय आयको गणना कुनै न कुनै रूपमा ३०० वर्षदेखि भइरहेका छन् । पहिलो पटक सन् १६६५ मा बेलायती वैज्ञानिक तथा सरकारी कारिन्दा विलियम पेटीले राष्ट्रिय लेखा तथ्याङ्क अन्तर्गत राष्ट्रिय आय तथा व्यय जनसँख्या क्षेत्रफल तथा ईङ्गल्याण्ड र वेल्सका अन्य सरकारी सम्पत्तिहरुको जानकारी एकमुष्ठ गरेका थिए । यस्तो तथ्याङ्कको प्रमुख उदेश्य देशको लडाई लड्न आवश्यक स्रोतको लागि कर संकलन गर्न सक्ने राष्ट्रिय क्षमता आंकलन गर्नँ रहेको थियो । नयाँ भू-भाग जित्नु वा सम्पत्ति कब्जा गर्नु भन्दा भएको स्रोतको प्रभावकारी प्रयोग गर्नु पर्ने दाबि त्यसकालको लागि नविनतम आर्थिक खोज थियो । राष्ट्रिय आयको गणना प्रारम्भिक र अल्पविकसित भए पनि बेलायतलाई फ्रान्स, नेदरल्याण्ड लगायतका ठूला वैरी राष्ट्रहरूको अगाडि फाइदाजनक थियो । बेलायतलाई मुख्य आर्थिक र सामरिक शक्तिको विकास गर्न उक्त जानकारीले निकै मद्धत गऱ्यो ।

तत्पश्चात अठारौं र उन्नाइसौं शताब्दीका विभिन्न कालखण्डमा अन्य तथाङ्कशास्त्री तथा अर्थशास्त्री लगायतले पेटीको प्रयासलाई क्रमशः परिष्कृत र वृहत बनाउँदै लगे । अडाम स्मिथ, मार्शल, पिगुजस्ता अर्थशास्त्रीले विशेष योगदान दिए तर राष्ट्रिय आयको परिभाषा स्थायी रूपमा तय भएन ।

तत्कालीन राजनीतिक माहोल र सामरिक आवश्यकताले परिवेशअनुसार परिभाषा पनि परिवर्तन भएको देखिन्छ । परापूर्वकालदेखिको राष्ट्रिय आयको प्राक्कलन गर्ने आर्थिक इतिहासकार एंगस म्याडिसनले बीसौं शताब्दी भन्दा अगाडिको गणनाको गुणस्तरमा प्रश्न उठाएका छन् । औद्योगिक क्रान्ति पछि राष्ट्रिय आयको गणनामा चाख बढ्न थाले पनि राज्यको आर्थिक नीति निर्माणको केन्द्रबाट धेरै टाढा रह्यो । आधुनिक कालको जिडिपीको परिभाषाको मूल १९३० को आर्थिक मन्दीपश्चात भएको हो । अमेरिकी राष्ट्रपति फ्र्याङ्कलिन रुजवेल्ट मन्दीमा फसेको अर्थतन्त्रको स्पष्ट तस्बिर चाहन्थे । त्यो अध्ययन गर्ने जिम्मा अर्थशास्त्री सिमन कुज्नेट्सले पाए । यो कामका लागि उनले पछि नोबेल पुरस्कार

पनि जिते ।  उनले १९३४ मा तयार पारेको प्रतिवेदनले अमेरिकी अर्थतन्त्र आधाले घटेको देखायो । यसलाई देखाएर सरकारले सामाजिक सुरक्षा भत्ता पूर्वाधारमा धेरै खर्च गर्न लाग्यो न्यू डिल अन्तर्गत । यसले डेमोक्रटिक पाटीलाई लामो समयसम्म सत्तामा रही रहन मद्दत  गऱ्यो । तर यही कारणले सरकारी खर्च पनि समावेश गर्न सुरु भयो । जसले गरेर सरकारलाई अर्थतन्त्रको सबैभन्दा ठूलो उपभोक्ता रूपमा भूमिका बन्यो । यसले राज्य सरकारको तुलनामा संघ सरकार को भूमिकालाई पनि बलियो बनायो । सुरुवाती दिनहरूमा सरकारी खर्च कूल राष्ट्रिय उत्पादनको गणनामा समावेश थिएन । यसले गरेर तुलनात्मक रूपले अर्थतन्त्रको आकार कम देखियो । तर कुज्नेट्सको अवधारणा अर्थतन्त्रको उत्पादन मापन भन्दा पनि मानिसहरूको आर्थिक र सामाजिक लोककल्याण मापन गर्ने थियो । यही कारणले उनको सम्बन्ध अमेरिकी सरकारसँग राम्रो भएन । जति खर्च गर्यो ।  त्यति जिडिपी बढ्ने भएकोले र त्यसैलाई समृद्धि र प्रगति भन्न पाइने कारणले यो राजनीतिक रूपमा महत्वपूर्ण तथ्याङ्कको रूपमा स्थापित भयो भने सरकारहरूले यसलाई सफलताको रुपमा हेर्न थाले । यसले प्रगति र उन्नतिलाई परिभाषित गर्यो । पहिलो पटक विकास  र अविकासको अवधारणा ल्यायो । यो जिडीपीको पहिलो राजनीतिक जित थियो । यो एक तथ्याङ्कले मन्दी पछिका कैयौं वर्ष सम्म अमेरिकी नीति निर्माणमा गहिरो प्रभाव पार्यो ।

बेलायतमा पनि जिडीपीलाई परिभाषित गर्ने र  गणनाको विधिलाई परिष्कृत गर्ने काम भइरहेको थियो । अर्थशास्त्री रिचर्ड स्टोन र जेम्स मिवेड को नेतृत्वमा जसले यही कामको लागि सन् १९८४ मा नोबेल पुरस्कार पाए । स्टोनले संयुक्त राष्ट्र संघको लागि देशहरुको जिडीपी तथ्याङ्कहरुको मानकीकरण गर्ने काममा पनि योगदान दिए । त्यही प्रयासको आधुनिक रूपमा आज देशका सबै देशले राष्ट्रिय लेखा प्रणाली अनुसार जिडीपी गणना गर्ने गर्दछन् । तर उनकै भनाइमा जिडीपी आधारभूत सत्य भन्दा पनि तथ्याङ्कीय विनिर्माण हो जसमा केही तथ्यहरूको प्रयोग हुन्छ । औद्योगिक क्रान्ति देखि दोस्रो विश्वयुद्धसम्म आउँदा राष्ट्रिय आयको परिभाषा परिवर्तन भयो । पहिला अर्थतन्त्र भनेको निजी वा घर परिवार मात्रै थियो भने अब राज्य पनि प्रमुख आयाम बन्यो । राज्यको प्रभाव दिनानुदिन जीवनमा एकदम कम थियो भने उ युद्धको लागि कर उठाउनेमा सीमित थियो । राज्यले युद्धमा गर्ने खर्चलाई अर्थतन्त्रको लागतको रूपमा लिई राष्ट्रिय आयबाट घटाउने गरिन्थ्यो । सरकारी खर्च अन्तिम नभई माध्यमिक वस्तु भएको र युद्ध समाजको लागि खराब भएकोले अर्थतन्त्रको लागतको रूपमा यसलाई घटाउनु पर्ने अर्थशास्त्रीहरूको तर्क थियो ।

तर किन्सका अनुसार सरकारको लागि खर्च भनेको संकटको समयमा महत्वपूर्ण उपकरण भएकोले व्यक्तिगत उपभोग र लगानी सँगसँगै सरकारी खर्च पनि समावेश गर्न पर्ने तर्क राखे । यस बीचमा राज्यको भूमिका बढ्यो कुज्नेट्सको तर्क थियो । यसले जस्तो बेलामा पनि अर्थतन्त्रको आकार ठूलो देखाउँछ भलै त्यसले जनताको जीवनमा कल्याणकारी परिवर्तन ल्याएको होस वा नहोस् । यो जिडीपी गणनाको कोषेढुङ्गा साबित भयो जुन आजसम्म पनि कायम रहेको छ । १९४० को दशकमा भएको यो रक्षा सम्बन्धी निर्णयले जिडीपीमा पार्ने प्रभाव आधा थियो तर यसलाई हटाउँदा जिडीपी घट्दो देखिने भएकोले यसले अर्थतन्त्रमा राज्यको भूमिकालाई सधैको लागि स्थापित गऱ्यो । किन्सियन थ्यौरी यसले साँचो अर्थमा बृहत अर्थतन्त्रको अध्ययनको विधा अर्थात 'म्याक्रोईकोनोमिक्स' को सुरुवात गऱ्यो । त्यसपश्चात सुरु भएको आर्थिक वृद्धि सम्बन्धी थ्यौरीले जिडीपीको साख अझ बढायो । १९४० मा प्रतिपादित ह्यारोड डोमर ले अर्थतन्त्रमा गरिने लगानीलाई आर्थिक वृद्धिको मुख्य चालकको रूपमा परिभाषित   गऱ्यो । यसको मतलब तेस्रो विश्वका वा गरिब देशहरूमा बाहिरबाट लगानी गर्ने हो भने विकास हुन सक्छ भनी चित्रित गरियो र मार्शलप्लानलाई बाँकी विश्वमा फैलाउने विकास हुन सक्छ भन्ने धारणा विकसित भयो । यसले जिडीपीलाई प्रगति र समृद्धिको पर्यायवाची बनायो । आर्थर लेविस, आर्थर ओकुन जस्ता अर्थशास्त्रीहरूले जीडिपीको महत्वलाई घनिभूत गरे ।

## शीतयुद्धको एउटा हतियार

मार्शल प्लान सँगै युरोपियन देशहरुमा पनि जिडीपी गणना गर्नं पर्ने शर्त थियो । यही सँगै जिडीपीको विश्वव्यापिकरण पनि सुरु भयो । दोस्रो विश्वयुद्धमा ध्वस्त भएका फ्रान्स जर्मनीमा जिडिपीले फरक भूमिका खेल्यो । जर्मनीले नाजी समयको छवि हटाउन आर्थिक वृद्धिलाई अत्यन्त महत्व दियो ताकि नयाँ युगको सुरुवातको रूपमा देशलाई चित्रित गर्न सकियोस् । एक प्रसिद्ध ब्याण्डले अब कुल ग्राहस्थ उत्पादनलाई बढाउ भन्ने गीत नै बनाएको थियो ।

यस बाहेक सोभियत संघको कम्युनिस्ट प्रभावबाट विकासशील राष्ट्रलाई टाढा राख्न प्रतिव्यक्ति आयमा चाँडो गर्नु पर्ने अवधारणा ल्याएको अमेरिकाले जिडीपीको प्रयोगलाई व्यापक बनाउने रणनीति अपनायो । यसो गर्नमा संयुक्त राष्ट्रसंघ, विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, ओईसीडी जस्ता संस्थाले मुख्य भूमिका खेले । यसले सबै देशहरूलाई एकाङ्की रूपमा अमेरिकाले पाएको आर्थिक समृद्धिको पथमा हिँड्न सकिन्छ र भौतिकवादी जीवन स्तरहासिल गर्न सकिन्छ र यो बस्तु तथा सेवाको उत्पादन बढाएर गर्न सकिन्छ भन्ने भाष्य बनायो । यो एउटा प्रोपागान्डाको शक्तिशाली औजार बन्न पुग्यो ।

यसरी जिडीपीको अवधारणा सारा संसारलाई बेचियो । त्यसैले जिडीपीको आविष्कारलाई अर्थशास्त्रको 'म्यानह्याटन कार्यक्रम' भनेका छन् । शितयुद्ध सुरु हुँदै गर्दा सामरिक र भुराजनीति हुँदै आर्थिक शक्तिमा सर्वोच्चता राख्न अमेरिका र सोभियत संघ बीच प्रतिस्पर्धा सुरु भयो । सुरुवाती अवस्थामा दशकमा भारी उद्योग कलकारखाना र वस्तुको उत्पादन क्षमताले गर्दा सोभियत संघ आर्थिक रुपमा अगाडि रहेको अनुमान थियो । सोभियत ले अन्तरिक्षमा पहिलो यानको सफलताले पनि उक्त अनुमानलाई बल पुगेको थियो । तर यसलाई पुष्टि गर्न भरपर्दो तथ्याङ्क थिएन । त्यसैले अमेरिकाको केन्द्रीय गुप्तचर निकाय सिआईएले सोभियत संघको जिडीपीको जानकारी बटुल्न छुट्टै युनिट खडा गरेको थियो जुन सोभियत संघको पतनसम्म कायम थियो । स्रोतहरूको वितरण कतिको कुशलतापूर्वक भएको छ जसले गरेर सोभियत अर्थतन्त्रले आफ्ना जनतालाई कति दिगो काल सम्म जीवनस्तर धान्न सक्छ भन्ने नै प्रमुख चासोको विषय थियो । यसले वार्सा प्याक्ट राष्ट्रहरूबीचको व्यापार वास्तविक मुद्रास्फिति लगायतका जानकारी संकलन गर्थ्यो । जब सोभियत संघका नेताहरुले विभिन्न कार्यक्रम प्रस्तुत गर्थे सीआईएले तुरुन्तै ती कार्यक्रमहरूको लक्ष पुरा गर्न नसक्ने कुरा तथ्याङ्क सहित प्रस्तुत गर्थे ।

सबैभन्दा ठूलो प्रोपागान्डा सन १९८२ मा आयो जब सिआईएले सोभियत अर्थतन्त्रको बारेमा महत्वपूर्ण प्रतिवेदन सार्वजनिक गऱ्यो । यसमा अर्थतन्त्रको बास्तविक वृद्धि आधिकारिक भन्दा आधा भएको निष्कर्ष थियो । यो प्रतिवेदनको साँचो वा झूटो भन्ने बारेमा अहिले पनि निक्यौल भएको छैन । तर यसको प्रभाव सोभियत संघमाथि बेजोडको पार्यो भलै प्रतिवेदनको सत्यतामा प्रश्न वाचक चिन्ह अमेरिकी अधिकारीहरुले नै लगाएका थिए । यसले सोभियत संघको छवि धुमिल मात्र गरेन उच्च नेतृत्वमा अर्थतन्त्रको सुधारका सम्बन्धमा वैचारिक फाटो नै ल्यायो । यसको आंशिक प्रतिक्रिया स्वरूप १९८० को मध्यमा मिखाईल गोर्वाचोभले आर्थिक सुधारका कार्यक्रम घोषणा गरे । त्यसैको आधारमा जिडीपीको गणनाको विधि पनि परिवर्तन गऱ्यो । अझ १९८८मा जिडीपीको गणना गर्न अमेरिका सँग सहयोग माग्यो जसमा सिआईएको भूमिका महत्वपूर्ण रह्यो ।

## बहस र विवाद

जिडीपीको प्रधानता पूर्णरुपमा चुनौतीविहीन भने छैन । आलोचकहरूले जिडीपीको कमजोर पाटाहरूलाई पूँजी प्रधान बजार अर्थतन्त्रको खराब प्रतीकको रूपमा पनि लिएको पाइन्छ तर यसका समर्थक भनेजति सुकै अपूर्ण भए पनि जिडीपीले मानव जातिको स्वतन्त्रता र क्षमताले ल्याउने नवीनता र प्रगतिलाई प्रतिबिम्बित गर्ने तर्क गर्छन् । जिडीपीले मानव जीवनको गुणस्तरमा आएको परिवर्तनलाई पनि देखाउँछ भन्ने आवाज पनि उत्तिकै बलियो छ । अधिकांश अर्थशास्त्रीहरू पनि यही मानकको आधारमा आफ्नो अध्ययन र विश्लेषण प्रस्तुत गर्छन् ।

यसको आधारभूत परिभाषामा नै ठूलो प्रश्न छ । एउटा देशमा उत्पादन भएका साग देखि सफ्टवेअर सम्म सडक देखि सिनेमा निर्माण सम्म चुरोट(रक्सी उत्पादन देखि शिक्षा (स्वास्थ्य सेवा सम्मका कुरालाई एउटै संख्याले समेट्न कति सम्भव छ ? यो तापक्रम वा क्षेत्रफल नापेको जस्तो होइन । यो तथ्याङ्कमा हजारौं लाखौं सेवा तथा वस्तुहरूको मूल्य जोड हुन्छ । त्यसलाई फेरि सम्बन्धित देशको मौसम र मुद्रास्फिति समायोजन गरिन्छ र विभिन्न देशसँग तुलना गर्न मानकीकरण गरीकन काल्पनिक विनिमय दरमा वैदेशिक मुद्रामा रूपान्तरण गरिकन प्रस्तुत गरिन्छ । छोटकरीमा यो एउटा अत्यन्त जटिल विधिबाट तयार गरिएको अमूर्त तथ्याङ्कीय मानक हो, जसको वास्तविक असर दैनिक जीवनमा कसैलाई खासै हुँदैन न त सर्वसाधारणलाई यसको गणना विधि थाहा हुन्छ ।

अहिले राष्ट्रिय लेखा प्रणालीको मूल निर्देशिका नै ७२२ पन्नाको छ भने क्षेत्रगत गणनाका दर्जनौ निर्देशिका रहेका छन् । कुनै पनि देशमा निकै थोरै विशेषज्ञ तथ्याङ्क शास्त्रीहरुलाई मात्र यसका अवयवहरू थाहा हुन्छ। जिडीपीको प्रक्षेपण गर्ने वा यसको आधारमा विश्लेषण गर्ने अर्थशास्त्रीहरूलाई नै वास्तवमा यसको गणना कसरी हुन्छ भन्ने ज्ञान हुँदैन मोटामोटी जानकारी भए पनि । मुख्य कुरा यसको तथ्याङ्क संकलन सबैभन्दा कठिन हो । अर्को वर्ष देशभरिका कुखुराले कति अण्डा पार्दछ भन्ने कसरी थाहा पाउने? कुनै गीतसङ्गीत वा कविता बाट प्राप्त गर्ने मूल्य कति हो? नर्सको सेवाको मूल्य उसको तलब मात्रै हो कि सेवाको गुणस्तर पनि? मोबाइलको प्रविधमा यत्रो सुधार हुँदा पनि मूल्य घटेको छ । यसलाई कसरी जिडीपीले समेट्न सक्छ ? आजको ल्यापटपको तुलना २० वर्ष अगाडिको सँग कसरी तुलना हुन सक्छ दुवैको मूल्य एउटै भए पनि? सरकारी सेवाको उत्पादनको मूल्य कसरी निर्धारण गर्ने ?

यस्तो जटिल र निकै हदसम्म अपारदर्शी गणना विधिले गरेर तथ्याङ्कलाई हेरफेरर तोडमरोड़ गर्ने सम्भावना पनि रहन्छ । जस्तो सन् २०१० मा घानाको जिडीपी ६० प्रतिशतले बढ्यो । अर्थतन्त्र बदलिएको थिएन न त घानाका जनताको वास्तविक जीवनमा सुधार भएको थियो । तर तथ्याङ्क बदलियो र यसकै भरमा देश एकै रातमा अति विपन्नबाट मध्यमा तहमा उक्लियो । त्यसैगरी ग्रीसमा २००८ ताका को आर्थिक मन्दीको बेलामा अर्थ मन्त्रालयले तथ्याङ्क शास्त्रीहरुलाई जिडीपीको र वित्त घाटाको तथ्याङ्क  हेरफेर गर्न लगाएको आरोप लागेको थियो । यस्तो उदाहरण भारतमा, नाइजेरिया लगायत प्रशस्त उदाहरणहरू छन् ।

त्यसैगरी अनौपचारिक वा छायाँ अर्थतन्त्र वा दर्ता नभई सञ्चालन हुने कारोबारहरू सही रुपमा आधिकारिक तथ्याङ्कमा प्रतिबिम्बित हुँदैन । यस क्षेत्रमा रोजगारी पनि धेरै हुन्छ । यो औपचारिक क्षेत्रमा भन्दा ठूलो बढी हुन सक्छ । गरिब भनिएका देशहरूमा यसको हिस्सा ३५ देखि ४५ प्रतिशतको औसतमा रहेको अनुमान छ । यसले अर्थतन्त्रको बास्तविक आकारलाई घटाउँछ । अनौपचारिक आर्थिक कारोबार नेपाली अर्थतन्त्रको चरित्र भएकोले यो हाम्रो लागि महत्वपूर्ण विषय हो । जिडीपीमा जस्तो अर्थतन्त्रमा उत्पादन हुने सबै कुरालाई पैसाको मूल्यमा ढाल्न सकिन्छ र त्यसलाई एउटै तथ्याङ्कमा जोड्न सकिन्छ भन्नु कति तर्क संगत कुरा हो सोच्नु पर्ने भएको छ । आफ्नो बारीमा तरकारी फलाएर खाए जिडीपीको आकार बढ्दैन तर बजारबाट किनेर खाए बढ्छ । अरूको बच्चाको रेखदेख स्याहार केन्द्रमा गर्दा जिडीपी बढ्छ आफ्नो हेर्दा बढ्दैन । घरमा गरिने कामको मूल्याङ्कन र गणना जिडीपीमा गरिंदैन । तर यस्ता गतिविधि प्राय: महिलाहरूले गर्ने भएकोले गणनामा तत्परता नदेखाएको आरोप पनि लाग्ने गर्छ । सामाजिक कल्याण हुने तर बजारमा किनबेच नहुने यस्ता क्रियाकलापहरूलाई जिडीपीमा गणना हुँदैनन् । बच्चाहरू हेर्ने काम मात्रै होइन एउटा सामाजिक कल्याणका विषयहरू पनि हुन् । घर परिवारमा सँगै बसेर नातिनातिना खेलाउनु अवकाश पछिको मानसिक स्वास्थ्यको लागि सकारात्मक पक्ष हुन् । यस्ता कुराहरूको गणना कसरी गर्ने ? के मानसिक स्वास्थ्यको उपचार गराउन क्लिनिकमै गए मात्र अर्थतन्त्र राम्रो हुने हो ? यो हेर्दा सामान्य लागे पनि गहन गर्नु पर्ने विषय हुन् । यसरी हेर्दा नेपाल पनि भनिए जस्तो गरिब छैन की ? जिडीपी आलोचनाको अर्को प्रमुख पक्ष भने आर्थिक क्रियाकलापले पारेको वातावरण क्षयीकरण हो । वातावरणविदहरु जिडीपीको प्रधानताले वातावरणीय क्षयको मूल्यमा आर्थिक वृद्धिमा बढी जोड दिएको मान्छन् । यो समस्याको पहिचान १९६० कै दशकमा भएको थियो ।

सन् १९६२ मा राचेल कार्लसनले साईलेन्टस्प्रीङ् नामक अध्ययन पुस्तकले कृत्रिम कीटनाशकको अत्याधिक प्रयोगले पर्यावरणमा परेको नकारात्मक असरलाई उजागर गरे । त्यस पश्चात् अमेरिकी सरकारले केही सुधारका नियम कानून ल्याए पनि त्यो निकै प्राविधिक र निश्चित क्षेत्रमा सीमित रह्यो । हुन त १९७२ को बहुचर्चितद लिमिट्स टु ग्रोथ प्रतिवेदनले देखाएको आर्थिक वृद्धिले सम्पूर्ण प्राकृतिक स्रोत सकिएर जाने जस्तो निराशापूर्ण तस्बिर अहिले सम्म नदेखिएको छैन । तर यसले दिगो विकासको अवधारणा यसै साथ जन्मियो । आर्थिक क्रियाकलाप र वातावरणीय प्रभावबीचको सम्बन्ध सार्वजनिक छलफलमा आयो । अहिले प्रदूषण, प्राकृतिक प्रकोप, जलवायु परिवर्तन आदि जस्ता पर्यावरणीय चासोका विषयहरू छलफलका केन्द्रमा त आएका छन् । तर त्यसले जिडीपीको एकोहोरो लक्षलाई हेरफेर गर्न सकेको छैन । जस्तो हामी गर्मी भयो भनेर एअर कण्डिसन लगाउँछौ जसले वातावरणमा तापक्रम बढाउँछ र अझ

धेरै एअरकण्डिसन किन्न प्रेरित गर्छ जसले जिडीपी बढाउँछ । यो उत्पादन र उपभोगको कहिले नसकिने चक्र हो । विकास भनेको जिडीपी बढ्नमा सीमित भयो । नेपाल जस्ता देश गरिब छ भनेर सुनाउँदै आएको कथ्यको आधार नै यही हो । यसको लागि विश्व बैंक जस्ता संस्थाले जिडीपीलाई त्यहाँको जनसङ्ख्याले भाग गरेर आउने प्रति व्यक्ति जिडीपीलाई आधार बनाएर गरिब, मध्यम वा धनी मुलुकमा कित्ता काट गर्छन् । तर यसैको आधारमा देशले सस्तो ऋण वा सहायता पाउँछन् । यसले एउटा देशको अर्थतन्त्रले कति राम्रो वा नराम्रो गरेको छ भनेर तुलना गर्ने गर्छ । तर मुख्य प्रश्न भनेको आर्थिक वृद्धि भनेको के हो र यसको मापन गर्न किन जरुरी छ ? एकाङ्गी रूपमा आर्थिक वृद्धिको पछि लाग्दा गुणस्तरीय जीवन यापन गर्ने, समावेशी, दिगोपन भन्ने कुरा ओझेलमा पर्‍यो । यदि लोककल्याणका यस्ता विषयलाई गणना गर्ने हो भन्ने जिडीपी उपयुक्त मानक होइन । जिडीपी त्यसको लागि तयार गरिएकै होइन । यसले वकिलको सेवालाई गणना गर्छ भलै उसले हत्यारा वा बलात्कारीको पक्षबाट मुद्धा लडेको होस् । भूकम्प पछिको पूनर्निमाण जस्ता कुरा समावेश गर्छ । चुरोट वा रक्सीको विज्ञापन जति बढि गर्‍यो अर्थतन्त्रको आकार बढ्छ भलै हामीलाई थाहा छ, मद्यपान वा धूम्रपान स्वास्थ्यको लागि हानिकारक छ । हतियारको उत्पादन र बिक्री जति बढी भयो त्यति आर्थिक वृद्धि हुन्छ तर यसको प्रयोग कुनै न कुनै बहनामा हिंसा वा विध्वंशमै हुने हो । त्यसले कतै हामीले गलत कुरा त मापन गरिरहेका छैनौं र गलत उद्देश्यको पछाडि त भागिरहेका छैनौं भन्ने शङ्का जन्माएको छ । विशेष गरि समृद्ध नेपाल सुखी नेपालीको उद्देश्य राखे पछि त्यसलाई मापन गर्दा यी विषयहरूलाई पनि ध्यान दिनु पर्ने हुन्छ । हामीले अन्ध रूपमा पछ्याउनु भन्दा आफ्नो अर्थतन्त्रको फ्रेमवर्कलाई हेरेर त्यसलाई गणना गर्नं पर्ने हुन्छ ।

## विकल्पको खोजी

विकासको दिगोपन सहित माथि उल्लिखित चासोहरूको सम्बोधन गर्ने क्रममा जिडीपीको विकल्पमा छलफल र अभ्यास पनि भइरहेको छ । त्यसको अग्र पंक्तिमा मानव विकास सूचकाङ्क रहेको छ । पाकिस्तानी अर्थशास्त्री महबुल हकले एक संयुक्त राष्ट्र संघमा कार्यरत रहदा जिडीपीको विकल्पमा अर्को तथ्याङ्क सुझाए, जसलाई मानव विकास सूचकाङ्क भनिन्छ । प्रति व्यक्ति आयले मात्रै मानिसको स्वास्थ्य, शिक्षा, महिला स्वावलम्बन वा सार्वजनिक सेवाको पहुँच आदि जस्ता कल्याणकारी देखाउँदैन भन्ने अर्थशास्त्री अमर्त्य सेनको भनाई यस सूचकाङ्कले गरिबी र लोककल्याणका स्तरहरू मापन गर्छ । यसले केवल आर्थिक आयलाई मात्र नभै समग्र मानव क्षमतालाई पनि गणना गर्छ । विश्वका देशहरु मध्य नेपाल प्रतिव्यक्ती जिडीपीमा पुछारतिर भएपनि मानव विकास सूचकाङ्कमा १४७ नम्बरमा छ। तर दुई बीच सकारात्मक सम्बन्ध छन् । किनभने सामान्यतया धनी देशले तुलनात्मक रूपमा स्वास्थ्य शिक्षामा बढी लगानी गर्दछ र प्रतिफल प्राप्त गर्छन् ।

अर्को सूचकाङ्क भनेको कुल राष्ट्रिय खुसी अर्थात ग्रस नेशनल ह्याप्पीनेश हो । यो अन्तरराष्ट्रिय रूपमा लोकप्रिय भए पनि हाल केवल भूटानले मात्र यसको अभ्यास गर्छ । यस दर्शन अनुसार सम्पूर्ण विकासका कार्यक्रमहरू लोक कल्याण वा जनताको खुसीलाई टेवा पुर्‍याउने उद्देश्यले मात्र गरिन्छ र त्यस्ता क्रियाकलापलाई मात्रै सूचकाङ्कमा समावेश गरिन्छ। तर मोवाइल वा इन्टरनेट वा सफा वातावरणले खुसीमा पारेको सकारात्मक प्रभाव मापन गर्न पनि उत्तिकै कठिन छ।

सन् २००९ मा फ्रान्सेली राष्ट्रपति निकोलस सार्कोजीले अर्थशास्त्री जोशेफ स्टीग्लेज सहित २१ जनाको टोलीलाई आर्थिक समृद्धिको वैकल्पिक मानकको अध्ययन गर्न लगाएका थिय । उक्त अध्ययनले सबै विषयवस्तुलाई एउटै तथ्याङ्कले मापन गर्न खोज्नु भन्दा धेरै सूचकहरू बनाएर एकसाथ प्रस्तुत गर्न ठीक हुने सुझाव दिएका थिए । यस्तो ड्यास बोर्ड अप्रोच हाल अष्टेलिया लगायत सिमित राष्ट्रले प्रयोगमा ल्याएका छन् । संयुक्त राष्ट्र संघद्वारा प्रवर्तित दीगो विकास लक्ष्य पनि यही ढाँचामा निर्माण गरिएको छ । यसबाहेक मेजर अफ ईकोनोमिक वेलफेयर (१९७२) सस्टेनेबल ईकोनोमिक वेलफेयर (१९८९) जेनुईन प्रोगेस ईण्डीकेटर (१९९०) ग्रिन एकाउण्टिङ् जस्ता अवधारणा पनि अघि सारिएको छ ।

तर माथिका कुनै पनि सूचकाङ्कले जिडीपीलाई विस्थापित गर्न भने सकेका छैनन् । अहिले पनि सरकारको लागि जिडीपी भन्ने तथ्याङ्क उपयोगी छ । यो सहज र छोटो समयमा तयार गर्न सकिने मानक हो । यसो हुनुमा लामो राजनीतिक

प्रक्रियाको उपज हो ।नेताहरु भाषणमा १७ वटा अङ्क भन्दा एउटा तथ्याङ्क प्रस्तुत गर्न सजिलो मान्छन् । मानिसहरु पनि जिडीपीलाई वास्तविकता ठान्छन् । तर यसले हाम्रो राजनीतिक चेत र समृद्धिको परिकल्पनालाई बन्धक बनाएको छ । जिडीपीको प्रभुत्वलाई तोड्न सजिलो छैन । यसको लागि राजनीतिक इच्छाशक्ति र साहस चाहिन्छ ।

## सन्दर्भ सामग्री


कोयल, डायान (२०१६), 'जिडीपी अ ब्रिफ बट अफेक्सनेट हिस्ट्री', प्रिन्सटन युनिभर्सिटी प्रेस, आइ एस बि एन ९७८०६९११६९८५९ (https://press.princeton.edu/books/paperback/9780691169859/gdp)

फिओरामोन्टी, लोरेन्ज (२०१३), 'ग्रस डोमेस्टीक प्रोब्लम द पोलिटीक्स बिहाईण्ड द वर्ल्डस मष्ट पावरफूल नम्बर', जेड बुक्स, आइ.एस.बि. एन. ९७८१७८०३२२७२८ )

लिपेनिज,फिलिपे(२०१६),'द पावर अफ अ सिङ्गल नम्बर अ पोलिटिकल हिस्ट्रि अफ जिडीपी',कोलम्बिया युनिभर्सिटी प्रेस,आइ.एस.बि. एन. ९७८०२३११७५१०४(https://cup.columbia.edu/book/the-power-of-a-single-number/9780231175104)